# प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण


**बसन्ता पौड्याल**

**परीक्षा क्रमाङ्क : ५००२९१/०६७**

**त्रि.वि.द.नं. ९-१-५०-८२६-२००१**


**त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत**

**शोधपत्र**

**सन् २०१२**


**नेपाली भाषा शिक्षा विभाग**

**बुटवल बहुमुखी क्याम्पस**

**बुटवल**



प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण ✍ बसन्ता पौड्याल, सन् २०१२, थे.नं. ८४

# प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण

**बसन्ता पौड्याल**
**परीक्षा क्रमाङ्क : ५००२९१/०६७**
**त्रि.वि.द.नं. ९-१-५०-८२६-२००१**

**त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत**

**शोधपत्र**

**सन् २०१२**

**नेपाली भाषा शिक्षा विभाग**
**बुटवल बहुमुखी क्याम्पस**
**बुटवल**

# कृतज्ञताज्ञापन

प्रस्तुत **प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोशको निर्माण** शीर्षकको शोधपत्र त्रि.वि. शिक्षा शास्त्र सङ्काय बुटवल बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको ने.पा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ पारिएको हो । कोश निर्माण तथा शब्द निर्माणका विभिन्न पक्षमा केन्द्रित रहेर तयार पारिएको यस शोधपत्रबाट विद्यालय तहका नेपाली विषयका शिक्षक, विद्यार्थी लगायत प्रशासक, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, साहित्यकार तथा नेपाली भाषासँग सम्बन्धित अध्येताहरूका लागि उपयोगी हुने अपेक्षा राखेकी छु ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरू एवम् शोध निर्देशक तथा विभागीय प्रमुख सहप्रा. दयाराम बस्यालज्यूको निर्देशनमा रही तयार पारेकी हुँ । कार्यव्यस्तताका बीच पनि शोधपत्र तयारीका सन्दर्भमा हार्दिकतापूर्वक निर्देशन तथा ज्ञानबर्द्धक सल्लाह र सुझाव दिएर अमूल्य सहयोग गर्नु भएकोमा उहाँप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्रको तयारीका क्रममा अनेकौं व्यस्तताका बीच पनि शोधपत्रको शीर्षक चयन देखि लिएर त्यसलाई परिमार्जित एवम् परिष्कृत तुल्याई अन्तिम रूप दिन हरपल सल्लाह सुझाव र प्रेरणा दिएर अविस्मरणीय सहयोग गर्नुहुने आदरणीय गुरु उपप्रा.शालिकराम पौड्यालज्यू र सहप्रा. शालिकराम ज्ञवाली ज्यूप्रति म कृतज्ञ छु । साथै नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण गुरुहरु प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधकार्यमा शोधपत्र तयारीका क्रममा विभिन्न सान्दर्भिक पुस्तक तथा शोधपत्रहरु उपलब्ध गराई सहयोग गर्ने बु.ब.क्या. पुस्तकालय परिवारप्रति आभारी छु । कठिन परिस्थितिमा पनि मेरो बाल्यकालदेखि नै वैयक्तिक र आर्थिक स्वतन्त्रता प्रदान गरेर मलाई यहाँसम्म पुग्न हरपल सहयोग र प्रेरणा प्रदान गर्नुहुने ममतामयी माता गंगादेवी पौड्याल र पिता शिव प्रसाद पौड्यालप्रति आजन्म ऋणी छु ।

अन्त्यमा शोधपत्रको टाईप गरी सहयोग गर्नुहुने साझा प्रिन्ट एन्ड फोटोकपी सेन्टर बुटवलका राजीव घिमिरे तथा बाबुराम घिमिरेलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु ।

**शोधार्थी**

**बसन्ता पौड्याल**

## शोधसार

| | |
|---|---|
| शोधशीर्षक | : **प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोशको निर्माण** |
| शोधार्थी | : बसन्ता पौड्याल |
| शोधनिर्देशक | : सहप्रा. दयाराम बस्याल |
| विभाग/क्याम्पस | : नेपाली भाषा शिक्षा विभाग, बुटवल बहुमुखी क्याम्पस, बुटवल |
| शैक्षिक सत्र | : २०६५/०६७ |
| जम्मा अध्याय | : पाँच |
| पृष्ठसङ्ख्या | : ७७ |

## शोधप्रक्रिया

प्रस्तुत शोध एम. एड्. दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका लागि तयार पारिएको हो । स्नातकोत्तर उपाधिका लागि मात्र नभई नेपाली भाषा, साहित्यतर्फ रूचि राख्नेहरू, त्यसमा पनि अझ नेपाली कोश निर्माण एवम् अध्यनमा रूचि राख्नेहरूका लागि अत्यन्त दरिलो साधनका रूपमा यो शोधपत्रलाई लिन सकिने विश्वास गरिएको छ ।

प्राथमिक तहका विद्यार्थीहरूको बोधक्षमता र शब्दप्रयोग क्षमतामा कोशले महत्त्वपूर्ण सहयोग गर्दछ । ती विद्यार्थीहरूले के कति मात्रामा यसको प्रयोग गर्न सक्छन र के कति मात्रामा प्रभावकारी बन्न सक्छ भन्ने कुराको अपेक्षा शोध अध्ययनबाट गरिएको छ । यस कोशको निर्माणले प्राथमिक तहको नेपाली पाठ्यपुस्तक सम्बन्धी जानकारी लिन चाहाने अध्येताहरूका लागि त्यस सम्बन्धमा सूचना दिनेछ । यसैगरी आउँदो समयमा खोज-अनुसन्धानकर्तालाई पाठ्यसामग्री मात्र नभएर पूरक सामग्री पनि अध्ययन गर्नु पर्दोरहेछ भन्ने सजकता दिलाई त्यस तर्फ योगदान दिन प्रेरित गर्नेछ । शोधको मूल उद्देश्यहरूमा यस कोशमा प्रयुक्त शब्दहरूको निर्माण प्रक्रिया पहिल्याउनु, शब्दहरूको वनोट पहिचान गर्नु, शब्दहरूको स्रोत पहिचान गर्नु आदि रहेका छन् ।

यस अध्ययनका लागि नेपाली भाषामा तयार भएका कक्षा १ देखि ५ सम्मका नेपाली पाठ्यपुस्तकहरूमा प्रयुक्त कठिन शब्दहरूलाई नमुना छनोटका आधारमा सामग्री छनोट गरिएको छ । तथ्याङ्क सङ्कलनमा प्राथमिक स्रोत अर्न्तगत कक्षा १ देखि ५ सम्मका नेपाली पाठ्यपुस्तकबाट कठिन शब्दमध्ये ३११ वटा शब्दहरूलाई मात्र लिइएको छ । त्यस्तै द्वितीयक स्रोतका रूपमा नेपाली भाषामा प्रकाशित शब्दकोशहरू, शब्द निर्माण प्रक्रिया सम्बन्धी नियमहरू लेखिएका पुस्तकहरू, शब्दको स्रोत, शब्दवर्ग सम्बन्धी तयार पारिएका विभिन्न पुस्तकहरू तथा विभिन्न अप्रकाशित शोधपत्रहरूलाई सामग्रीका रूपमा लिइएको छ । यस शोध कार्यमा सङ्कलित सामग्रीको विश्लेषणका लागि वर्णनात्मक र विवरणात्मक विधिको प्रयोग गरिएको छ। सैद्धान्तिक आधारका रूपमा कोशनिर्माण परम्परा र व्याकरणअन्तर्गत शब्दको स्रोत, शब्दवर्ग र शब्दनिर्माण प्रक्रियालाई लिइएको छ। जसबाट विद्यार्थी, शिक्षक, सचेतक, अध्येता, कोश निर्माता, अनुसन्धाता लगायत नेपाली भाषा पारखीहरूका लागि एक उपयोगी सामग्रीका रूपमा यो शोध रहने अपेक्षा गरिएको छ।

अनुसन्धान कार्य विद्यार्थीका लागि एक महत्त्वपूर्ण चिन्तनक्षेत्र रहेको हुन्छ । यस अध्ययनका सबै पक्षहरूमा सीमितता अपनाइएको छ । यस शोधमा सामग्री सङ्कलन र पुस्तकालय विधि अपनाउँदै अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## निष्कर्ष

नेपाल सरकारद्वारा मान्यता प्राप्त सरकारी विद्यालयहरूमा पठनपाठन हुँदै आएको पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा १ देखि कक्षा ५ सम्मका पाठ्यपुस्तकहरूलाई आधार बनाएर यो शोधपत्र तयार पारिएको छ । यस शोधमा ३११ शब्दहरूको मूल प्रविष्टि रहेको छ । प्राथमिक तहका विद्यार्थीका लागि शिक्षण र सिकाइ प्रक्रिया सुगम होस् भन्ने हेतुले यो कोशको निर्माण गरिएको छ। पाठहरूमा प्रयुक्त कठीन शब्दहरूको शब्द स्रोत, शब्दवर्ग र शब्दनिर्माण प्रक्रियासम्बन्धी आवश्यक ज्ञान वृद्धिका लागि, पाठहरू बोधगम्य बनाउन ठीक शब्दको ठीक प्रयोग, भाषिक शुद्धिका लागि आवश्यक सूचना, संज्ञानात्मक विकासका लागि पृष्ठभूमिनिर्माण गर्ने उद्देश्यले यस शब्दकोशको निर्माणमा प्राथमिकता दिइएको छ।

**प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण** मूल प्रविष्टि भएका ३११ शब्दहरूमध्ये शोधको विषयअनुरूप शब्दवर्गका आधारमा शब्दहरूलाई हेर्दा नामपद अन्तर्गत २२० शब्द, विशेषण वर्गअन्तर्गत ६१ शब्द, क्रियाविशेषण अन्तर्गत ६, सकर्मक क्रिया अन्तर्गत २, अकर्मक क्रिया अनतर्गत ४ गरी जम्मा २९३ शब्दहरू वर्ग विभाजन गरिएको छ । त्यस्तै शब्दको स्रोतका आधारमा शब्दलाई हेर्दा तत्सम शब्द अन्तर्गत १६३ शब्द, आगन्तुक शब्दमा २९ वटा गरी जम्मा १९२ शब्दहरूको स्रोत देखाइएको छ । शब्दनिर्माण प्रक्रियाअन्तर्गत उपसर्ग र प्रत्यय लागेर निर्माण भएका जम्मा १४९ वटा शब्दहरूको निर्माण प्रक्रिया देखाइएको छ ।

यसरी सैद्धान्तिक आधार निर्माण, गरिएको आधारमा विश्लेषण, गरिसकेपछि सुझाव तथा निष्कर्ष समेत दिइएको छ । अन्त्यमा अध्ययनको क्रममा उपयोग गरिएका ग्रन्थ तथा सामग्रीहरूको सूची दिई शोधपत्रको समापन गरिएको छ । जुन यस कोशसम्बन्धी अध्ययन गर्ने अध्येता तथा अनुसन्धाताका लागि उपयोगी सामग्रीका रूपमा सिद्ध हुनेछ भन्ने कुराको अपेक्षा समेत गरिएको छ ।

# विषय सूची


पृष्ठ सङ्ख्या

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञातज्ञापन

शोधसार

विषयसूची

संक्षिप्तशब्द सूची

चिह्न सूची

**अध्याय एक : शोधको परिचय**

१.१ शोधशीर्षक १

१.२ शोधपत्रको प्रयोजन १

१.३ समस्याकथन १

१.४ शोधको उद्देश्यहरू १

१.५ पूर्वकार्यको समीक्षा २

१.६ शोधको औचित्य ३

१.७ शोधको सीमाङ्कन ३

१.८ शोध विधि ४

१.९ शोधको रूपरेखा ४

**अध्याय दुई : सैद्धान्तिक अवधारणा**

२.१ परिचय ५

२.२ कोशको परिभाषा ६

२.३ शब्दकोशको परिचय ७

२.४ शब्दकोशको प्रकार ९

२.४.१ प्रविष्टि प्रकृतिको आधारमा कोशको वर्गीकरण ८

२.४.२ प्रविष्टि अनुक्रमको आधारमा कोशको बर्गीकरण ११

२.४.३ कालगत आधारमा कोशको बर्गीकरण ११

२.४.४ प्रयोजनको आधारमा कोशको बर्गीकरण १२
२.४.५ भाषा संख्याका आधारमा कोशको बर्गीकरण १२
२.४.६ प्रयोक्ताका आधार कोशको बर्गीकरण १२
२.५ कोशको स्वरूप १३
२.५.१ पूर्वभाग १३
२.५.२ मूलभाग १३
२.५.३ उत्तरभाग १४
२.६ कोश निर्माण परम्परा १५
२.७ कोशनिर्माण प्रक्रिया १५
२.७.१ प्रथम चरण (आयोजनाको चरण) १६
२.७.२ दोस्रो चरण (प्रविष्टि विधानको चरण १७
२.७.३ तेस्रो चरण १९
२.८ नेपाली कोशनिर्माण परम्परा २०
२.८.१ नेपाली भाषाको एकभाषी कोश परम्परा २०
२.८.२ द्विभाषी कोश परम्परा २३
२.८.३ नेपाली बहुभाषी कोश परम्परा २३
२.८.४ कोशको उपयोगिता २३

**अध्याय तीन : शब्दको निर्माण, शब्दवर्ग र शब्दको स्रोतको सैद्धान्तिक परिचय**

३.१ शब्दनिर्माण प्रक्रियाको परिचय २५
३.१.१ शब्दनिर्माणका प्रकार २५
३.१.२ उपसर्ग र शब्दनिर्माण २५
३.१.३ प्रत्यय र शब्दनिर्माण २६
३.१.४ कृदन्त र तद्धितान्त शब्दमा फरक २९
३.२ शब्दवर्गको प्रयोग र परिचय ३०
३.२.१ नामको परिचय र तिनका प्रकारहरू ३१
३.२.२ सर्वनामको परिचय र तिनका प्रकारहरू ३३
३.२.३ विशेषणको परिचय र तिनका प्रकारहरू ३४
३.२.४ क्रियाको परिचय र तिनका प्रकारहरू ३६

३.२.५ क्रियायोगीको परिचय र तिनका प्रकारहरू ४७
३.२.६ नामयोगीको परिचय र तिनका प्रकारहरू ४७
३.२.७ संयोजकको परिचय र तिनका प्रकारहरू ३८
३.२.८ विस्मयादिबोधकको परिचय र तिनका प्रकारहरू ३८
३.२.९ निपातको परिचय र तिनका प्रकारहरू ३८
३.३ शब्दकोश परिचय ३९
३.३.१ शब्दको वर्गीकरण ३९
**अध्याय चार : व्याख्या र विश्लेषण**
४.१ परिचय ४२

**अध्याय पाँच : निष्कर्ष र सुझाव**
५.१ निष्कर्ष ७३
५.२ सुझावहरू ७४
**सन्दर्भसूची** **६७**

# चिह्न सूची

| | |
|---|---|
| / | विकल्प रूप |
| - | निर्देशक चिह्न |
| o | सङ्क्षेपीकृत चिन्ह |
| < | पछाडि देखाइएको व्युत्पन्न रूप |
| । | पूर्ण विराम |
| > | अगाडि देखाइएको व्युत्पन्न रूप |
| [ ] | व्युत्पति/व्युत्पादन |
| , | अल्पविराम |
| ( ) | कोष्ठक |
| : | विसर्ग |
| ; | अर्धविराम |

# संक्षिप्त शब्दसूची

| **<u>सङ्क्षिप्त रूप</u>** | **<u>पूरा रूप</u>** |
|---|---|
| अक्रि. | अकर्मक क्रिया |
| अमू. | अनुकरण मूल |
| आ. | आगन्तुक |
| उखा. | उखान |
| उदा. | उदाहरण |
| इ. | इत्यादि |
| क्रियो. | क्रियायोगी |
| डा. | डाक्टर |
| तत्स. | तत्सम |
| तद्. | तद्भव |
| त्रि.वि. | त्रिभुवन विश्वद्यािलय |
| ना. | नाम |
| नायो. | नामयोगी |
| ने.रा.प्र.प्र | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पु. | पुलिङ्ग |
| प्रा. | प्राध्यापक |
| प्रा. | प्राकृत |
| बु.व.क्या. | बुटवल बहुमुखी क्याम्पस |
| वि. | विशेषण |
| संयो. | संयोजक |
| स.क्रि. | सहायक क्रिया |
| सर्व. | सर्वनाम |
| स्त्री. | स्त्रीलिङ्ग |
| वि.सं. | विक्रम संवत् |
| नेपा.शि. | नेपाली शिक्षा |
| त्रि.वि.द.नं. | त्रिभुवन विश्वविद्यालय दर्ता नम्बर |